जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३९ २०८२ साल भदौ १७ गते मंगलबार (2 Sep 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : समृद्धिका लागि १६औं ... ३ पृष्ठमा : सोह्र अधिकृतलाई ... ३ पृष्ठमा :अफगानिस्तान भूकम्प : ६०० ...

# रोजगारीका लागी विदेशिएका दिपकको मृत्यु भएपछी विचल्लीमा परिवार

## ९ दिन देखी शव कुर्दै रेणु र दुई नाबालक सन्तान





**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौ ।**

आर्थिक अवस्था ज्यादै नै कमजोर भएका कारण परिवार पाल्न निकै गाह्रो भएपछी सप्तरीको रुपनी गाउँपालिका २ हरिरावा टोलका ३२ वर्षिय दिपक कुमार राम १३ वर्ष अघि रोजगारीका लागी मलेशिया गए ।

यसैबीच विदा लिएर दुइ पल्ट घर आएका उनी विवाह र परिवारसंग भेटघाट गरी पुन: मलेशिया फर्केका थिए । यसै अवधीमा उनको आमा र बुवा दिवंगत भए । पछिल्लो पटक घरमा २७ वर्षिया गर्भवती श्रीमती रेणु र ७ वर्षिय छोरा विप्लवलाई छोडेर उनी पुन: मलेशिया फर्केका थिए ।

विदेशमा दुःख गरेर भएपनि आफ्नो परिवारलाई मिठोमसिनो खुवाउने, श्रीमतीको गर्भमा रहेको सन्तान र ७ वर्षिय छोरा विप्लवलाई भविष्यमा राम्रो शिक्षा दिलाउने र विदेशबाट फर्केपछी गाउँ मै कुनै पसल खोली सपरिवार खुशियालीपूर्वक जीवन व्यतित गर्ने उनले सपना बुनेको भनी आफुलाई सुनाई रहने रेणुले बताइन ।

मलेशिया स्थित एक प्लास्टिक फ्याक्ट्रीमा दिनको १० घण्टा मिहिनेत गरेर कमाएको पैसाबाट खर्च कटाएर उनले पठाउने पैसाबाट घर परिवारको गुजाराका साथै छोरा विप्लवले राम्रो शिक्षा आर्जन गर्दै आएका थिए । यसबीच रेणुले दोश्रो सन्तानको रुपमा छोरी जन्माईन । विदेशमा रहेका श्रीमान कै सल्लाहमा उनले छोरीको नाम रिसिका राखेकी थिइन । उनको घरमा सबथोक ठिकै चलिरहेको थियो । तर गत सोमबार मलेशीयामा दिपकको मृत्यु भएको खबरले उनको घरमा बज्रपात हुन पुग्यो । फोन मार्फत दिपकका एक साथीले त्यस्तो दुःखद घटनाको खबर गरेपछि राम परिवारमा चलेको रुवावासी अझै थामिएको छैन । रेणु र नाबालक दुई छोरा/छोरी सबैको बेहाल छ ।

*बाँकी तीन पृष्ठमा*

# भन्सार छलिका सामानसहित दुई मोटरसाइकल र आधा दर्जन साइकल प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौ ।**

सप्तरी प्रहरीले दुई दिनको अवधीमा सीमावर्ती भारतीय बजारबाट चोरी पैठारी गरि ल्याइएका तीन लाख भन्दा बढीको भन्सार छलिका विभिन्न मालसामान नियन्त्रणमा लिएको छ ।

यस क्रममा चोरी पैठारीका मालसामान ढुवानी गर्न प्रयोग गरिएका दुई वटा मोटरसाइकल र ६ वटा साइकल समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीद्वारा सोमबार सार्वजनिक विवरण अनुसार दुई दिनको अवधीमा जिल्लाको विभिन्न सीमानाका क्षेत्रबाट भन्सार छलि ल्याइएका ३ लाख ३७ हजार ३ सय ७० रुपैया बराबरको मालसामान नियन्त्रणमा लिइएको छ ।

बरामद सामानहरुमा खाने तेल, रिफायन, बिस्कुट, साबुन, सर्फ, सूर्ती, पानमसाला र दुधको पाउडर लगायतका किराना सामान छन् । प्रहरीले उक्त अवैध मालसामान ओसारपोसार गर्न प्रयोग गरिएको स.३प. ६४९२ र प्रदेश २-०१-००१प.२३०१ गरि दुई वटा मोटरसाइकल र ६ वटा साइकल समेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

बरामद सरसामान तथा मोटरसाइकल र साइकल सोमबार नै आवश्यक

*बाँकी तीन पृष्ठमा*

# भदौ २२ गते आइतबार खग्रास चन्द्रग्रहण

काठमाडौं, १६ भदौ (रासस) ।

भाद्र शुक्ल पूर्णिमाका दिन यही भदौ २२ गते आइतबार खग्रास (पूरै ढाकिने) चन्द्रग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

ग्रहणको भदौ २२ गते राति १० बजेर ११ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ । राति ११:५६ मा चन्द्रग्रहणको मध्य हुनेछ । राति ०१:४१ बजे ग्रहण सकिने समितिका पूर्वअध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो । साढे तीन घण्टा काठमाडौँबाट चन्द्रग्रहण देखिने पनि उहाँले सुनाउनुभयो ।

यो ग्रहण विसं २०८२ को पहिलो ग्रहण हो । यसै वर्ष आगामी फाल्गुन शुक्ल पूर्णिमामा पनि खण्डग्रास चन्द्रग्रहण लाग्ने समितिले जनाएको छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उहाँले सुनाउनुभयो । भदौ २२ गते आइतबार दिउँसो

*बाँकी तीन पृष्ठमा*

# बिपद न्युनिकरण गर्न तीनै तहका सरकारबीच घनिष्ट सहकार्य आवश्यक : मन्त्री लेखी

**दैनिक समाचारदाता**
**जनकपुर, १६ भदौ ।**

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले गम्भिरता पूर्वक जिम्मेवारी बोध नभएसम्म बिपद न्युनिकरण हुन नसक्ने बताएका छन् । मन्त्री लेखीले बिपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबीच घनिष्ट सहकार्य आवश्यक रहेको समेत बताए ।

राष्ट्रिय बिपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजना, युएन वुमनको सहयोग तथा गृह, सञ्चार तथा कानुन मन्त्रालयको समन्वयमा "बिपद जोखिम न्युनिकरणमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिक कार्ययोजना" सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

सरकार प्रवक्ता समेत रहेका मन्त्री लेखीले बिपद्



व्यवस्थापनलाई केवल औपचारिकता नभई जीवन र सम्पत्तिसँग प्रत्यक्ष सरोकार राख्ने विषयका रूपमा बुझ्नुपर्नेमा जोड दिए ।

"बिपदका घटना विश्वव्यापी रुपमा बर्सेनि हुने गर्दा यस्ता घटनाले मानवियसहित भौतिक क्षतीहरु पनि हुने गरेका छन्, बिपदबाट हुने जोखिमलाई न्युनिकरण गर्न हामी सरोकारवालाहरु, नागरिकहरुमा गम्भिरतापूर्वक जिम्मेवारी बोध हुनुपर्छ ।" गृहमन्त्री लेखीले अन्तरक्रियालाई सम्बोधन गर्दै भने, "हामी गम्भीर रुपमा जोखिम न्युनिकरणको लागि अगाडि नबढ्ने हो भने जोखिम न्युनिकरण गर्न सकिदैन ।"

उनले आपत्कालीन

*बाँकी तीन पृष्ठमा*

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुर्याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुर्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समृद्धिका लागि १६औं योजनाको कार्यान्वयन

**रिसव गौतम**
काठमाडौं, १६ भदौ (रासस)।

देशको विकास, अर्थतन्त्रको वर्तमान अवस्था र भविष्यबारे व्याख्या विश्लेषण गर्दा धेरै विषय नियाल्न जरुरी देखिन्छ। मुख्यतः आजको विश्वव्यापीकरणको युगमा हामीले आन्तरिक अवस्थाको मूल्याङ्कन गरेर मात्र हुँदैन, बाह्य परिवेशलाई पनि हेर्न सक्नुपर्छ। नेपाल आफैँमा प्राकृतिक पर्यावरण, संस्कृति पर्यटन, जलविद्युत् र कृषिमा धेरै कुरामा सवल देश हो। हाम्रो जनसङ्ख्या र भूगोलको संयोजन मिलेको छ। हामीसँग नभएको भनेको आत्मविश्वास र जाँगर हो।

हामीले कुनै नवीनतम् उद्यम थाल्ने हो, कृषि गरिरहेका छौं भने त्यसलाई अझ विस्तारित र व्यावसायिक बनाउन लागि पर्ने हो, आन्तरिक बजारले आफ्ना उत्पादन खपत गरेनन् भने बाह्य बजारको लागि पहल गर्ने हो भने धेरै गर्न सकिन्छ। आजको सूचना, सडक सञ्जाल, हवाई सञ्जालको भूमण्डलीकरणको दुनियाँमा हामीलाई पनि विश्वव्यापी अवसर छ। तर त्यो अवसर चिन्नु पर्‍यो। आजको चीनमा उत्पादित मालवस्तुले विश्व बजारको करिब १० प्रतिशत हिस्सा ओगटेको छ। नेपालले चीनले जस्तै आफ्ना अर्गानिक उत्पादनलाई विश्वमाझ पुर्‍याउन किन सक्दैन ? अवश्य सक्छ।

**१६औं योजनासँग आशा**

राष्ट्रिय योजना आयोगले पाँच वर्षका लागि ल्याएको १६औं पञ्चवर्षीय योजना (आव२०८१/८२ देखि २०८५/८६) कार्यान्वयनको चरणमा छ। सुशासन, सामाजिक न्याय र समृद्धि कायम गर्न महत्वकांक्षी लक्ष्यसहित आएको १६औं योजनाले नेपाली अर्थतन्त्रको सुदूर भविष्य राम्रै रहने सङ्केत गरेको छ। पाँच वर्षभित्रै नेपालले रोजगारी र उत्पादन क्षेत्रको वृद्धिमार्फत ५४ खर्बको जिडिपीलाई विस्तार गरेर एक सय तीन खर्बको बनाउने लक्ष्य लिएको छ। त्यसैगरी आर्थिक वृद्धिदर सात प्रतिशतमाथि उकाल्ने लक्ष्य लिएको छ।

यस योजनाले प्रतिव्यक्ति आय एक हजार चार सय ५६ डलरबाट २३ सय ५१ डलरमा पुर्‍याउने, साक्षरता दर ८५ प्रतिशत पुर्‍याउने, बेरोजगारी दर ५ प्रतिशतमा झार्ने, जलविद्युत् क्षमता हालको २८ सय मेगावाटबाट ११ हजार सात सय मेगावाटमा पुर्‍याउने जस्ता महत्वकांक्षी लक्ष्य लिएको छ। योजनाले लिएका यी लक्ष्य महत्वकांक्षी भए पनि राज्यको सबै तप्का, निजी क्षेत्र र आम जनतासमेत इच्छाशक्ति देखाएरै लाग्ने हो भने पूरा गर्न सकिन्छ।

नेपालमा बाटो, घाटो, बिजुली, इन्टरनेट, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा विगतमा प्राथमिकताका साथ लगानी भएका हुन्। आधारभूत पूर्वाधारको क्षेत्रमा देशले एक खालको फड्को मारिसकेको अवस्था छ। अबको खाँचो भनेको उद्यमशीलता वृद्धि, उत्पादन वृद्धि र रोजगारी सिर्जनामार्फत अर्थतन्त्र उकास्नु हो। त्यसका लागि राष्ट्रिय योजना आयोगले लिएको लक्ष्य र योजनालाई तादाम्यता मिलाउँदै तीनै तहका बजेट बन्नुपर्छ। केन्द्रीय योजना र सोही अनुरुपको बजेटमार्फत मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन सकिन्छ।

**सन्तुलित जनसङ्ख्या**

विसं २०७८ को जनगणनाअनुसार नेपालमा अहिले दुई करोड ९१ लाख ६४ हजार जनसङ्ख्या रहेको छ। २०६८ को तुलनामा पहिलो पटक नेपालको जनसङ्ख्या वृद्धिदर १ प्रतिशतबाट घटेर ०.९२ प्रतिशत भएको छ। विश्वव्यापी रुपमै पछिल्ला वर्षमा जनसङ्ख्या वृद्धिदर खुम्चिएको छ। बजार माग सिर्जना र आर्थिक गतिविधिको विस्तारको दृष्टिले जनसङ्ख्या वृद्धिदर खुम्चनुलाई एलन मस्कजस्ता विश्वकै धनीहरूले चिन्ताको विषय मानिरहेका छन्।

लगानी र वित्तीय सेवा प्रदायकको रूपमा विश्व प्रसिद्ध अमेरिकी संस्था गोल्डम्यान सचेले गरेको भविष्यवाणी अनुसार सन् २०७५ मा पुग्दा अहिले बढी जनसङ्ख्या भएका देशहरू नै क्रमशः धनी हुने सूचीमा छन्। गोल्डम्यान सचका अनुसार सन् २०७५ मा चीनको अर्थतन्त्र ५७ ट्रिलियन डलर, भारतको ५२.५ ट्रिलियन डलर, अमेरिकाको ५१.५ ट्रिलियन डलर, युरो एरियाको ३०.३ ट्रिलियन डलर र जापानको अर्थतन्त्र ७.५ ट्रिलियन डलरको हुनेछ। जनसङ्ख्यामा धनी देशहरू नै अबको विश्वमा आर्थिक रुपले सुपरपावर बन्दैछन् भनेर गोल्डम्यान सच जस्तो संसारभर आर्थिक अवसर खोज्ने, लगानी गर्ने कम्पनीको दाबी छ। त्यस हिसाबले हेर्दा नेपालको जनसङ्ख्या वृद्धिदर घट्दै जानु चिन्ताकै विषय होला।

विसं २०७८ को जनसङ्ख्याको संरचना हेर्दा नेपाल अहिले जनसाङ्ख्यिक लाभको अवस्थामा छ। अबको ३५ वर्ष नेपालको जानसाङ्ख्यिक अवस्थाबाट देशले अत्यन्तै लाभ लिन सकिने हिसाबको वयस्कहरूको वर्चश्वको अवस्था छ। छिमेकीमूलुक बङ्गलादेशको भू-भाग एक लाख ४७ हजार पाँच सय ७० वर्गकिमि रहेको छ। बङ्गलादेशको जनसङ्ख्या भने १७ करोड नाघिसकेको अवस्था छ। तर लगभग त्यति नै भू-भाग (एक लाख ४७ हजार एक सय ८१ वर्ग किमि क्षेत्रफल) रहेको नेपालको जनसङ्ख्या तीन करोडभन्दा तलै हुनु उति नराम्रो त होइन तर समृद्धिको हिसाबले पनि जनसङ्ख्यालाई केही बढाउँदै लैजानुपर्ने आवश्यकता छ।

**जलविद्युत्मा उज्यालो दृश्य**

जलविद्युत् नेपालको समृद्धिको लागि सबैभन्दा ठूलो आधारशीला हो। खासगरी पछिल्ला दशकमा जलविद्युत् उत्पादनमा नै नेपालले भगिरथ प्रयत्नहरू गरिरहेको छ। बैंक तथा वित्तीय संस्थाको पनि जलविद्युत् कम्पनीहरूमा ठूलो लगानी गरिरहेका छन्। धेरैजसो वैदेशिक लगानी जलविद्युत् क्षेत्रमा नै केन्द्रित रहेको छ। अबको १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन हुने आधार तयार भएको ऊर्जा मन्त्रालयको भनाइ छ। १६ औं योजनाले अबको पाँच वर्षमा ११ हजार सात सय मेगावाट बिजुली उत्पादनको लक्ष्य लिइसकेको छ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार ३६ सय मेगावाट बिजुली उत्पादन भइरहेको छ। देशले वार्षिक रु १६-१७ अर्बभन्दा बढी मूल्यको बिजुली निर्यात गर्न थालिसकेको छ। करिब ८३ हजार मेगावाट विद्युत् उत्पादन क्षमता रहेको नेपालका नदीनालाबाट अब एक दशकभित्र कम्तीमा १२-१५ हजार मेगावाट बिजुली उत्पादन गर्न अवस्य सकिन्छ। निर्माणाधीन केही आयोजना सम्पन्न हुने क्रममा छन् भने सयौं आयोजना निर्माणको क्रममा छन्।

कम्तीमा एक दशकबीच १५ हजार मेगावाट बिजुली मात्रै उत्पादन हुँदा पनि नेपालको अहिलेको ४०-४२ अर्ब डलरको जिडिपीलाई ऊर्जा उत्पादनकै माध्यमबाट पनि ठ्याक्कै डबल अर्थात ८०-८५ अर्ब डलरको बनाउन सकिनेछ। आवधिक योजनाको लक्ष्यले गति लिए रोजगारी र उत्पादन क्षेत्रको वृद्धिमार्फत अर्थतन्त्रलाई थप गतिशील बनाउन सकिन्छ। फलस्वरुप हाल रु ६१ खर्बको कुल गार्हस्थ उत्पादनको आकारलाई वार्षिक औसत रु चारदेखि पाँच खर्बले बढ्दै आएको दरलाई बढाउन सकिन्छ।

खासगरी ऊर्जा र पर्यटन क्षेत्रमा हुने बढ्दो आम्दानीमार्फत अबको चार वर्षमा रु २० खर्बले अर्थतन्त्रलाई विस्तार गरेर रु ८० खर्बको जिडिपी बनाउन सकिन्छ। पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्नुभएको भारत भ्रमणका क्रममा आगामी १० वर्षमा दश हजार मेगावाट बिजुली लैजाने गरी दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी प्रारम्भिक सम्झौता भएको थियो। भारतले हालसम्म ठूला र साना आयोजना गरी ५२ हजार मेगावाट बिजुली उत्पादन गरिसकेको र उसको जलविद्युत् उत्पादनको अरु विकल्प नगन्य रहेको बताइन्छ।

चीनले पनि नेपालसँग विद्युत् खरिद गर्ने सङ्केत दिइसकेको छ। बङ्गलादेशसँग सन् २०४० सम्ममा १० हजार मेगावाट बिजुली खरिद गर्ने गरी कुरा अघि बढिसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले पनि चीनसँगको व्यापारलाई सहजीकरण गर्ने गरी आफ्ना कार्यकालहरूमा दुई देशीय सम्झौता गर्नुभएको छ। नेपालको निर्यात व्यापारको अबको बलियो खम्बा भनेको बिजुलीको व्यापार नै हो।

**राष्ट्रिय गौरवका आयोजना**

नेपालमा हाल २४ वटा राष्ट्रियस्तरमा सघन महत्व राख्ने गौरवका आयोजना छन्। ती आयोजनामा वित्तीय स्रोत विनियोजनमा सरकारले प्राथमिकता दिएर कार्यान्वयनमा अनुगमन गर्दै आएको छ। समृद्धिमा ठूलो सरोकार राख्ने राष्ट्रिय गौरवका आयोजनाको निर्माणाधीनको अवस्थाले देशको सुदूर भविष्य उज्वल देखिन्छ। निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको लागत रु १८ खर्ब ९५ अर्ब पुगेको छ।

मुलुकको आर्थिक सामाजिक रुपान्तरण, पुँजी निर्माण, रोजगारी सिर्जना र प्रादेशिक सन्तुलनमा ती आयोजना बहुआयामिक हिसाबले महत्व राख्छन्। पश्चिम सेती जलविद्युत् आयोजना, बूढीगण्डकी आयोजना, माथिल्लो तामाकोशी जलविद्युत्, मेलम्ची आयोजना, काठमाडौं निजगढ फाष्ट-ट्याक, निजगढ अन्तरराष्ट्रिय विमानस्थल, सिक्टा र बबई सिँचाइजस्ता गौरवका आयोजनाले पनि नेपालको समृद्धिमा गतिलै प्रभाव पार्न सक्छन्।

**पर्यटनमा सम्भावना**

नेपाल पर्यटकीय हिसाबले १० नम्बर भित्रैपर्ने गन्तव्यको रूपमा लिने गरिन्छ। तर पनि हामीले ठूलो सङ्ख्यामा पर्यटकलाई बोलाउन, आतिथ्यता गराउन सकेका छैनौं। संसारका २८ अग्ला हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित १४ ठूला हिमशृङ्खला नेपालमै छन्। विश्वमै दुर्लभ मानिने सात सय ५० भन्दा बढी प्रजातिका पक्षी नेपालमै पाइन्छ। दुर्लभ बाघ, भालु, चितुवा, हरिण, मृग, गैंडा हेर्न नेपालमै आउनुपर्छ। सयौं भाषा,वेष र संस्कृति यहीं छन्। फरक-फरक जलवायु यहीं छ।

विश्वमा हाल पर्यटन क्षेत्रको अकार वर्ल्ड ट्राभल्स एण्ड टुरिज्जम काउन्सिलको सन् २०२४ को तथ्याङ्कअनुसार १०.९ ट्रिलियनको डलर पुगिसकेको छ। खासगरी चीन र अमेरिकाले नै पर्यटन क्षेत्रमा करिब आधा लगानी गरेका बताइन्छन्। लगानी उच्च भएकै कारण चीनमा बर्सेनि १० करोड बढी मानिसले पर्यटक भएर भ्रमण गर्न थालिसकेका छन्। त्यस्तै भारतमा सन २०२४ मा ९९ लाखभन्दा बढी मानिसले पर्यटन भित्रिएका थिए भने एक करोड हाराहारीलाई भारतमा यस क्षेत्रले रोजगारी दिइरहेको अवस्था छ।

राजनीतिक स्थायित्वकै कारण भारतमा पर्यटक आगमन बढेको बताइन्छ। त्यस्तै फ्रान्स पर्यटकीय दृष्टिले पहिलो गन्तव्यस्थल नभए पनि सबैभन्दा बढी पर्यटक भित्रचाउने राष्ट्रमा पर्ने गर्छ। पर्यटनमैत्री वातावरण उसको प्राथमिकतामा पर्ने गर्छ। अमेरिका, इटाली, बेलायत पर्यटक आगमनमा दोस्रो, तेस्रो र चौथो मुलुकमा पर्दै आएका छन्। नेपालमा पनि पछिल्ला दशक पर्यटनमा सम्भावना देखेर होटल क्षेत्रमा ठूलो लगानी भइरहेको छ। होटल तथा पर्यटन पूर्वाधारमा भइरहेको लगानी विस्तारले नेपालमा पर्यटन क्षेत्रबाट समृद्धिको उज्यालो देखिएको छ।

**कृषिमा फड्को**

नेपालको कुल गार्हस्थ उत्पादनमा (आर्थिक वर्ष २०८१/८२) कृषिले २५.१६ प्रतिशत योगदान राखेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अभिलेख छ। अन्य क्षेत्रको तुलनामा यस क्षेत्रले रेमिटचान्सपछि सबैभन्दा बढी योगदान राख्दै आएको छ। कृषिमा आश्रित जनसङ्ख्या घटेर ५१ प्रतिशतमा आइपुग्दा कुनैबेला कुल गार्हस्थ उत्पादनमा ५० प्रतिशतसम्म योगदान राख्ने कृषि क्षेत्रको योगदान अहिले खुम्चिएको हो।

हिजोआजका वर्षमा नेपाल कृषिमा परनिर्भर भइरहँदा वार्षिक करिब रु चार खर्बको कृषिजन्य वस्तुको आयात गर्न थालेको छ। तर आधाभन्दा बढी कृषियोग्य जमिन बाँझो रहेको अवस्था पनि छ। सरकारले कृषिमा लगानी बढाएर सबै कृषियोग्य जमिनमा कृषि गर्ने वातावरण बनाउने हो भने कृषिमा देश आत्मनिर्भर हुनसक्छ।

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कर्मचारीको अवकाश उमेरबारे विवाद कायमै

काठमाडौं, १६ भदौ (रासस)।

सङ्घीय निजामति सेवा विधेयकमा प्रस्ताव गरिएको अनिवार्य अवकाश उमेर हदबारे राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको बैठक सोमबार पनि निष्कर्षमा पुग्न सकेन।

सोमबारको बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपाने कर्मचारीको उमेर हद पहिलो वर्ष ५९ वर्षबाट कार्यान्वयन गरेर जाने भन्ने प्रस्तावमा अडिग रहेपछि सहमति जुट्न नसकेको हो। बैठकमा उहाँले यस विषयमा पुनर्विचार गरेर अघि बढ्न छलफल गरेर टुङ्गो लगाउन भोलिसम्मको समय माग गर्नुभएको छ।

न्यौपानेले भन्नुभयो, "सहमति गरेर जाऔं, लचिलो भएर जाऔं। कर्मचारीलाई राष्ट्रसेवालगायतमा लगाउनका लागि उत्साहित गर्नुपर्ने भएकाले केही कुरामा लचिलो बनेर जानुपर्छ। सरकारको यति कुरा उहाँहरूले ग्रहण गरिदिनुस्।"

समितिले विधेयकको दफा ५८ मा रहेको व्यवस्थामा सर्वसम्मतिले नै निजामती कर्मचारी ५८ वर्षको उमेरमा अवकाशमा जाने निर्णय गरिसकेको छ। समितिका सदस्यहरूले सहमति जुटिसकेको विषय किन उल्ट्याउन खोजिएको भनेर आपत्ति जनाएका छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसदहरूले भने समितिले सर्वसम्मतिले सहमति जनाइसकेको विषयमा उल्ट्याउन नहुनेमा अडान कायम राखेका छन्।

एकीकृत समाजवादी सांसद डा बेदुराम भुसालले मन्त्रीले टुङ्गो लागिसकेको विषयमा कहिलेसम्म अड्किएर बस्ने भनेर प्रश्न गर्दै यो विषयमा सच्याउने काम नगर्न धारणा राख्नुभयो।

माओवादी केन्द्रका सांसद झक्कुप्रसाद सुवेदीले यो मिनी संसद् भएकाले यसलाई निर्देशन गर्न नपाइने भन्दै सहमति भइसकेकामा धेरै विवाद गर्नु

*बाँकी तीन पृष्ठमा*

# सोह्र अधिकृतलाई जिम्मेवारीबाट हटाइयो

काठमाडौँ, १६ भदौ (रासस)।

सशस्त्र प्रहरीव बल, नेपालका एकाइमा कमाण्डरको रूपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतको राजश्व सङ्कलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि एकै पटक १६ अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ।

एक सशस्त्र प्रहरी उपरीक्षक, एक सशस्त्र प्रहरी नायव उपरीक्षक, सात सशस्त्र प्रहरी निरीक्षक, ५ सशस्त्र प्रहरी नायव निरीक्षक, एक सहायक निरीक्षकसहितलाई कमान्डको जिम्मेवारीबाट हटाइएको सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो। उहाँका अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं ११ गण रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलाई कमाण्डरबाट फिर्ता गरेर सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीलाई पठाइएको छ।

यसैगरी बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बिओपी झिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा बेश बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरीप्रसाद लम्साल, फरवार्ड सुरक्षा बेश छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र झरुखोर पोष्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाट हटाइएको हो।

यस्तै पर्सा जिल्लास्थित बोर्डर आउट पोष्ट प्रसौनी भाट्टाका सशस्त्र प्रहरी निरीक्षक सञ्जीव बानीया क्षेत्री, बिओपी दक्षिण झिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेशसुवाल बाटा, सुरक्षा वेश बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भिमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेश जयमङ्गलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक भक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको प्रहरी नायव उपरीक्षक थापाले जानकारी दिनुभयो।

यसैगरी पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोष्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रूपक नापीत र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायव उपरीक्षक नविन चन्द, बोर्डर आउट पोष्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बिओपी फुलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर चन्द, बिओपी लल्लिपुरका सशस्त्र प्रहरी नायव निरीक्षक मोहनराम महर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोष्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्यप्रकाश पन्तसमेतलाई जिम्मेवारीबाट हटाइएको उहाँले जानकारी दिनुभयो।

सीमा ईलाकामा कार्यरत कमाण्डरमाथि मुख्यालयबाट समेत सुक्ष्म रूपमा निगरानी बढाइएको छ। सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौं अधिकृत यसअघि पनि समय नपुर्दै जिम्मेवारीबाट हटाइएका र कारवाहीमा परेका छन्। मुख्यालयले अन्य प्रदेशमा समेत सुक्ष्मरूपमा निगरानी बढाएको छ। गण, गुल्म तथा बिओपि कमान्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# ‘अनलाइन’ दर्ता र नवीकरण स्थानीय तहबाट गर्न महासंघको माग

काठमाडौँ, १६ भदौ (रासस)।

नेपाल पत्रकार महासङ्घले ‘अनलाइन’ सञ्चारमाध्यम दर्ता र नवीकरण स्थानीय तहमा गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ।

महासङ्घले आइतबार प्रेस विज्ञप्ति जारी गरी स्थानीय अधिकारी (प्रजिअ) कार्यालयमा अनलाइन दर्ता तथा नवीकरण गराउने व्यवस्थासँग असहमत भएको उल्लेख गर्दै तत्काल सो प्रावधान संशोधन गर्न माग गरेको हो।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा आइतबार जारी विज्ञप्तिमा सरकारले आमसञ्चारसम्बन्धी विधेयकमार्फत अनलाइन दर्ता र नवीकरण स्थानीय तहबाट गराउने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ।

मन्त्रालयका सचिव र महासङ्घका अध्यक्षसहितको प्रतिनिधिमण्डलबीच आइतबार भएको छलफलबाट अर्को व्यवस्था नभएसम्म प्रेस काउन्सिल नेपाल र नेपाल विज्ञापन बोर्डले अनलाइन सञ्चारमाध्यम सूचीकरणको कार्य यथावत् राख्न मन्त्रालयबाट पत्राचार गर्ने र सूचना तथा प्रसारण विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र सो अवधिसम्म साविकबमोजिम नै जारी गर्ने सहमति भएको महासङ्घले जनाएको छ।

### *रोजगारीका लागी ...*

गाउँपालिका अध्यक्ष दिनेश कुमार यादव, वडाअध्यक्ष सरोज कुमार यादव तथा छिमेकीहरुले ल्याईदिएको खानेकुराले जसोतसो उनको गुजारा चल्दैछ। राम परिवारको सम्पतीको नाममा केही छैन। जग्गा विहिन रामपरिवार अहिले अर्कैको ३ धुर जग्गामा अनुमति लिई फुसको घर बनाई बस्दै आएका छन। भुमिहीन राम परिवारलाई जग्गा उपलब्ध गराउन पनी आफुले पहल गरिरहेको पालिका अध्यक्ष यादवको भनाई छ।

यता मृत्यु भएको ९ दिन वितिसक्दा पनि रेणुले निधन भईसकेका श्रीमानको मुख हेर्न पाएकी छैनन। यसले उनको पीडा झनै थपिएको छ। "कसले श्रीमानको शव मलेशियाबाट ल्याईदिने हो, उनले भक्कानिदै भनिन-सबैलाई हारगुहार गर्दैछु।"

भेट्न आउने सबैलाई उनी एउटै कुरा भन्छिन-"जीवनको एक्लो सहारा श्रीमान अब रहेनन्, अब कसरी, बाँच्नु, लालाबाला कसरी हुर्काउनु, श्रीमानको शव कसरी र कहिले आउँछ, कृपया पहल गरिदिनुस्।"

गाउँपालिका अध्यक्ष यादवले दिपकको शव ल्याउन आफुले प्रदेश र संघिय सरकारका साथै दुतावास मार्फत मलेशिया सरकारसंग पहल गरिरहेको बताएका छन।

### *बिपद न्युनिकरण ...*

अवस्थालाई रोकथाम, तयारी, प्रतिकार्य र पुनःस्थापनासम्म सम्पूर्ण चरणमा तीनै तहका सरकार र सरोकारवाला निकायले एकसाथ हातेमालो गर्नुपर्नेमा जोड जिकिर गरे। साथै नागरिक समाज, युवा, महिला समूह र समुदाय स्वयं पनि सचेत र सक्रिय भएर विपद् न्यूनीकरणका काममा जुट्नुपर्ने सुझाव दिए।

कार्यक्रममा सरोकारवालाबीच कानुनी संरचना, सामाजिक समावेशिता, लैंगिक समानता, राजनीतिक अधिकार, दिगो विकास र सुरक्षित समाज निर्माणका विषयमा छलफल भएको थियो।

कार्यक्रमले प्रदेशका विभिन्न तहका नीति निर्माता, सुरक्षा निकाय, नागरिक समाजका प्रतिनिधि तथा सरोकारवालाबीच साझा समझदारी र कार्ययोजना बनाउन सकारात्मक भूमिका खेलेको सहभागीहरुको भनाइ थियो।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौँ, १६ भदौ (रासस)।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको बैठकले आइतबार रातिदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ, इवाई इन्धन (आन्तरिकतर्फ) मा एक रुपैयाँ र हवाई इन्धन अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर सातले घटाएको हो।

पेट्रोल तथा एलपी ग्यासको बिक्री मूल्य भने यथावत् राखिएको छ। नयाँ बिक्री मूल्यअनुसार डिजेल/मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर क्रमशः १४२ रुपैयाँ ५० पैसा, १४४ रुपैयाँ र १४५ रुपैयाँ तोकिएको छ।

यस्तै, आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १२७ रुपैयाँ तोकिएको छ। हवाई इन्धन अन्तरराष्ट्रियतर्फ काठमाडौँका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ९६६ निर्धारण गरिएको निगमले जनाएको छ।

इन्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएकाले नेपाली बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।

### *कर्मचारीको ...*

नहुने बताउनुभयो। माओवादी केन्द्रकै सांसद तारामान स्वाँरले समितिमा पनि विधेयकमाथि चलखेल भएको आरोप लगाउनुभयो।

उहाँले भन्नुभयो, "५८ वर्षमा त टुङगो लागिसकेको विषय हो। भोलि विधेयक समयमा पास नभएर निष्क्रिय भयो भने यसको जिम्मेवारी कसले लिने ? यस विषयमा फेरि चलखेल सुरु भइसकेको छ।"

समितिकी सभापति तुलसाकुमारी दाहालले मन्त्री न्यौपानेको अनुरोधमा यस विषयमा थप छलफल गरी टुङ्गोमा पुऱ्याउन समय माग गरेकाले भोलि बैठक बसेर विधेयक पारित गर्ने बताउनुभयो। "मन्त्री पनि टसमस नहुने र सांसदहरूले लचिलो नभएकाले निर्णय गर्न गाह्रो भएको छ। या त मन्त्रालयले आफ्नो अडान छाड्नुपऱ्यो कि माननीयहरूले सरकारको प्रस्ताव स्वीकार्नुपऱ्यो," उहाँले भन्नुभयो।

समितिको अर्को बैठक भदौ १७ गते बिहान ९ बजे बस्ने निर्धारण गरिएको छ।

### *समृद्धिका लागि ...*

यसबाट विदेश गइरहेको पैसा रोकिनेछ र त्यसले पनि देशको आर्थिक समृद्धिमै टेवा दिनेछ।

**ठूला बजारको छिमेकी**

नेपालको औद्योगिक उत्पादन, पानी, औषधि, जडीबुटी तथा बहुमूल्य हिमाली वस्तुको विशाल विदेशी बजार भारत तथा चीन नै हुन्। हामी उनीहरूकै विशाल आँगन नजिक भएका हिसाबले हाम्रा अर्गानिक उत्पादनहरूले बजार नपाउलान् भन्ने छैन। तर नेपालमा कृषि, जल तथा जडीबुटीमा आधारित उद्यमी स्थापना गर्न जरुरी छ। त्यसमा लगानी बढाउन जरुरी छ। बजारको दृष्टिकोणले पनि नेपाल समृद्धिकै छेउछाउ छ। समग्रमा नेपाली अर्थतन्त्रको उविष्य उन्वल छ। आफना सबलता र सम्भावनाहरू आफैँले केलाएर अघि बढ्न जरुरी छ। विकास र समृद्धि, अवसर र खुसी विदेशमा मात्रै छैन, नेपालमा झन् बढी छ।

### *भदौ २२ गते ...*

१३:११ बजेपछि बाल, वृद्ध र आतुर बाहेकले भोजन गर्नु हुँदैन। चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औंसी तिथिमा लाग्ने गर्छ।

### *भन्सार छलिका ...*

कारवाहीका लागि राजविराज भन्सार कार्यालयमा चलान गरिएको उनले बताए। चोरी पैठारी नियन्त्रण गर्न अहिले सीमानाका क्षेत्रमा निगरानी कडा पारिएको प्रहरीको भनाई छ।

## विश्व समाचार

# अफगानिस्तान भूकम्प : ६०० भन्दा बढीको मृत्यु

जलालाबाद (अफगानिस्तान), १६ भदौ (रासस/एएफपी)।

अफगानिस्तानमा सोमबार राति गएको शक्तिशाली भूकम्पपछि घरहरू भत्किएपछि ठूलो उद्धार अभियान सुरु भएको छ। यस विपत्तिमा छ सयभन्दा बढी मानिसको मृत्यु भएको गृह मन्त्रालयले पुष्टि गरेको छ।

मध्यरातअघि आएको भूकम्पले काबुलदेखि पाकिस्तानको राजधानी इस्लामाबादसम्म भवनहरू हल्लाएको थियो।

देशको पूर्वी भागमा केन्द्रित भूकम्पले ठूलो क्षति पुऱ्याएको छ। "कुनार प्रान्तमा छ सय १० जनाको मृत्यु भएको छ र एक हजार तीन सय जना घाइते भएका छन्। धेरै घरहरू भत्किएका छन्", गृह मन्त्रालयका प्रवक्ता अब्दुल मतीन कानीले भन्नुभयो।

उहाँका अनुसार नङ्गरहार प्रान्तमा १२ जनाको मृत्यु भएको र दुई सय ५५ जना घाइते भएका छन्। तालिबान अधिकारीहरू र संयुक्त राष्ट्रसङ्घले प्रभावित क्षेत्रमा उद्धार टोली परिचालन गरेका छन्।

"अफगानिस्तानमा पूर्वी क्षेत्रमा आएको विनाशकारी भूकम्पले सयौँ मानिसको ज्यान गएको खबरले हामी गहिरो दुःखमा छौँ", संयुक्त राष्ट्रसङ्घले एक्समा जनाएको छ। राष्ट्रसङ्घका अनुसार टोलीहरूले प्रभावित क्षेत्रमा आपत्कालीन सहयोग र जीवनरक्षक सहायता पुऱ्याइरहेका छन्।

अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) का अनुसार भूकम्पको केन्द्रविन्दु नङ्गरहार प्रान्तको जलालाबाद सहरबाट २७ किलोमिटर टाढा आठ किलोमिटर गहिराइमा थियो। सामान्यतया सतह नजिकैको केन्द्र भएको भूकम्पले गहिरो भूकम्पभन्दा बढी क्षति पुऱ्याउँछ।

आइतबार राति ११:३० बजे (स्थानीय समय ४:०० बिहान) पछि ५.२ म्याग्निच्युडको अर्को शक्तिशाली भूकम्प सहित कैयौं परकम्प अनुभव गरिएको थियो।

विशेष गरी युरेसियन र भारतीय टेक्टोनिक प्लेटहरूको सङ्गम क्षेत्रमा पर्ने हिन्दुकुश पर्वत शृङ्खलामा रहेको अफगानिस्तान बारम्बार भूकम्प प्रभावित क्षेत्र हो।

यसअघि, शुक्रबारदेखि शनिबारसम्मको बाढीले नङ्गरहार प्रान्त प्रभावित भएको थियो। सो बाढीमा पाँच जनाको मृत्यु भएको र बाली तथा सम्पत्तिमा ठूलो क्षति पुगेको प्रान्तीय अधिकारीहरूले बताएका थिए।

सन् २०२२ जुनमा पूर्वी सीमावर्ती प्रान्त पक्तिकामा ५.९ म्याग्निच्युडको भूकम्प जाँदा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो र दशौँ हजार परिवार विस्थापित भएका थिए।

चार दशक लामो युद्धले जर्जर बनेको अफगानिस्तानले अहिले पनि मानवीय सङ्कटको सामना गरिरहेको छ। तालिबानको पुनरागमनपछि विदेशी सहायता निकै घटेको छ, जसले प्रकोप सामना गर्ने देशको क्षमता अझ कमजोर बनाएको छ।

सन् २०१५ मा पाकिस्तान र अफगानिस्तानमा गएको ७.५ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा तीन सय ८० भन्दा बढीको मृत्यु भएको थियो। सोही विपत्तिमा, विद्यालय भवन हल्लिँदा भागदौडको क्रममा १२ जना अफगान किशोरी विद्यार्थी किचिएर मारिएका थिए।

# यमनमा राष्ट्रसंघका कर्मचारी पक्राउ : महासचिवद्वारा चिन्ता व्यक्त

सानाआ, यमन, १६ भदौ (रासस/सिन्ह्वा)।

यमनमा सक्रिय हुथी समूहद्वारा आइतबार संयुक्त राष्ट्रसङ्घका ११ जना कर्मचारीहरूलाई नियन्त्रणमा लिएको घटनाप्रति महासचिव एन्टोनियो गुटेरेसले गहिरो चिन्ता व्यक्त गर्नुभएको छ।

महासचिवले एक विज्ञप्ति जारी गर्दै सो गिरफ्तारीको निन्दा गर्नुका साथै सम्बद्ध सबै पक्षलाई संयमता अपनाउन आग्रह गर्नुभएको छ। उहाँले संयुक्त राष्ट्रसङ्घ तथा मानवीय कार्यमा संलग्न संस्थाहरूका कर्मचारीहरूलाई सुरक्षित वातावरणमा कार्य गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्ने कुरामा जोड दिनुभयो।

महासचिव गुटेरेसले यसअघि पनि यस्ता घटनाहरूको प्रतिवाद गर्दै आउनुभएका थिए र यसपटक पुनः गिरफ्तार गरिएका सबै व्यक्तिहरूको बिना शर्त र शीघ्र रिहाइको माग गर्नुभएको छ। उहाँले राष्ट्रसङ्घका कार्यालयमा जबर्जस्ती प्रवेश गरिएको, सम्पत्ति कब्जा गरिएको र अन्य कार्यालयहरूमा छिर्न खोजिएको घटनाप्रति पनि गम्भीर चिन्ता प्रकट गर्नुभएको छ।

संयुक्त राष्ट्रसंघका यमनका लागि विशेष दूत हान्स ग्रुनबर्गका अनुसार, पछिल्लो गिरफ्तारीसँगै यमनको उत्तर क्षेत्रमा नियन्त्रणमा रहेका राष्ट्रसङ्घका कर्मचारीहरूको सङ्ख्या ३४ पुगेको छ।

यता, हुथी पक्षले विगत केही दिनयता इजरायली हवाई आक्रमणका कारण आफ्ना केही उच्चपदस्थ व्यक्तिहरूको मृत्यु भएको जानकारी गराएको छ। उक्त घटनापछि उनीहरूबाट प्रतिक्रिया स्वरूप केही कडा अभिव्यक्ति सार्वजनिक भएका छन्।

महासचिवले राष्ट्रसंघ र यसको साझेदार संस्थाहरू यमनका जनताको हितमा समर्पित रहेको स्पष्ट पार्दै, शान्तिपूर्ण र स्थायी समाधानका लागि सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभएको छ।

# मोर्चालाई एकढिक्का बनाएर अगाडि बढाउनुको विकल्प छैन् : शिर्ष नेताहरु




**दैनिक समाचारदाता**
**बिराटनगर, १६ भदौ ।**

संघीय लोकतान्त्रिक मोर्चाको पूर्व घोषित कार्यक्रम अन्तर्गत सोमबार विराटनगरमा “वर्तमान राजनीतिक अवस्था बारे जनजागरण अभियान“ शुरु भएको छ ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रिय पहिचान संगै सबै समुदायले प्रतिनिधित्व र स्वायत्तता तथा स्वशासन चाहेको बताएका छन् । उनले भुमि ऐन ल्याउनु भनेको देशलाई वनजंगल मुक्त बनाउने र धन कमाउने योजना रहेको उल्लेख गरे ।

सोही कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले नश्लिय शासनसत्ताबाट मुक्ति चाहिएको छ भने राष्ट्रिय मुक्ति आन्दोलन अपरिहार्य रहेको बताएका छन् ।

आदिवासी जनजाती जो मधेशी जस्तै यो देशमा राज्यविहिन जनताको रूपमा बाँच्न बाध्य भएका आरोप लगाए । उनीहरुलाई फुटाउ र राज गरको नीति तहत कांग्रेस र एमालेले फुटाएर राखेको बताए । विगतको दिनमा मधेशी, थारु, आदिवासी जनजाती, दलित, पिछडावर्गहरुले छुट्टाछुट्टै एक्ला एक्लै संघर्ष गरेकाले असफल भएको बताए । उत्पीडितहरुले अधिकार, पहिचान, स्वायत्तता र स्वशासन खोएको हो भने मिल्नुको विकल्प नरहेको बताए ।

मोर्चाका नेता तथा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अधिकार पहिचानको लागि भएको आन्दोलनमा संघर्ष गरेका योद्धा साथीहरू माथि झुठा मुद्दा लगाई सरकारले जेलमा राख्ने काम गरेको बताए । देशबाट राजा फाल्नु र गणतन्त्र ल्याउनु उपलब्धि रहेको बताउँदै उखु किसानलाई सरकारले बेवास्ता गर्नु ठीक नरहेको समेत औल्याए । उनले हैजा फैलिनु र खानेपानी अभाव हुनु भनेको सरकारले लापरवाही गरिरहेको आरोप समेत लगाए ।

मोर्चाका नेता तथा जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले देश हाम्रो भएकोले राज्य पनि हाम्रो हुनु पर्ने बताउँदै एउटा नवजात शिशुलाई नर्सले हेरचाह गरे झैं शेरबहादुर र केपी ओली संविधानको हेरचाह गर्ने नर्स मात्र भएकोले आमा जस्तो ममत्व उहाँहरुमा नभएको बताए । मधेशीहरु सामाजिक र राजनीतिक रूपमा बिभाजित रहेकोले एकहुनु पर्ने उल्लेख गरे ।

कार्यक्रममा बोल्दै मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव केशव झाले संविधान संशोधनको पक्षमा जनमत तैयार गर्न, लाल आयोगको प्रतिवेदन सार्वजनिक गराउन, आन्दोलनकारीहरु माथिको मुद्दा खारेज गराउन, आन्दोलनकारी राजबन्दी रिहाई गराउन, भुमि विधेयक जो षड्यन्त्रपुर्वक आएको छ त्यसको विरोध गरि भुमिको रक्षा गर्न, भ्रष्टाचारको विरोध गर्न, जनजिविकाको सवालमा जनचाहना अनुसार कार्य गर्न मोर्चा गठन भएको स्पष्ट पारेका छन् ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा तमलोपाका अध्यक्ष बृषेश चन्द्र लालले संविधानको संशोधन समावेशीताको ग्यारेन्टीको लागि चाहिने, पुर्ण समानुपातिक निर्वाचन प्रणालीको लागि संशोधन चाहिने, संशोधन अधिकार प्राप्तिको लागि चाहिने बताए। जनताले समर्थन गर्ने हो भने मोर्चालाई एकढिक्का बनाएर अगाडि बढाउनुको विकल्प नरहेको बताए ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सचिव चन्द्र कुमार चौधरीले मोर्चा गठनले थारु, मधेशी, आदिवासी जनजाति बीच उत्साह बढेको दाबी गर्दै एकता मोर्चाले छिट्टै रुपन्देही क्षेत्र न.३ को चुनावमा परिणाम दिने ठोकुवा गरे ।

कार्यक्रममा मोर्चाका शीर्ष नेताहरु उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुर, हृदयेश त्रिपाठी, बृषेश चन्द्र लाल, केशव झा, जयराम यादव, चन्द्र कुमार चौधरी, चन्द्र प्रसाद राजवंशी, बलराम ऋषिदेव, मनिष मिश्र, सत्य नारायण साह, रेखा यादव, सन्तोष मेहता, आभास लाभ, रकम चेम्जोङ, तबरेज हक, डा. विजय सिंह, संजय सिंह, लगायतको विशेष उपस्थिति रहेको थियो ।

मोर्चाले पहिलो चरणमा देशको आठ ठाउँमा जनजागरण अभियान संचालन गर्ने तय गरे अनुसार भदौ १८ गते राजविराज र २० गते जनकपुरधाममा कार्यक्रम हुने छ ।

# करेन्ट लागेर दुईको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**सिरहा, १६ भदौ ।**

सिरहमा दुई छुट्टाछुट्टै घटनामा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छभने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार शनिबार दुई जनाको मृत्यु भएको हो भने आइतबार एक महिला घाइते भएकी हुन् । यहाँको सिरहा नगरपालिका-४ रमौलमा बसोबास गर्ने इद महमदका १५ बर्षीय छोरा मो अम्माद र लहान नगरपालिका-१९ कटहाका ४० बर्षीय कमकलाल सदायको शनिबार करेन्ट लागेर मृत्यु भएको हो ।

इनारबाट पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेपछि उनी गम्भीर घाइते भएका अम्मादको उपचारका क्रममा प्रादेशिक अस्पताल सिरहामा मृत्यु भएको हो ।

सिरहा-४ रमौलमा आइतबार सदरे आलमकी ३० वर्षीया श्रीमती अफ्रोजा खातुन पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर घाइते भएका छन् । हाल उहाँको प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सदाय पनि आफ्नो घरमा सिटी रिक्सा ‘चार्ज’ गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । उनको स्थानीय अस्पतालमा उपचारकै क्रममा निधन भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माका अनुसार, हाल सबै घटनाबारे अनुसन्धान भइरहेको छ । विद्युत् प्रयोगमा सावधानी नअपनाउँदा यस्ता घटनाको सङ्ख्या बढ्दै गइरहेकाले सतर्कता अपनाउन उहाँले आग्रह गरेका छन् ।

# मोटरसाइकल एकापसमा ठोकिँदा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, १६ भदौ ।**

बारामा मोटरसाइकल एकापसमा ठोकिएर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रौटहतको गुजरा नगरपालिका ७ परसवा बस्ने अन्दाजी २५ वर्षीय रोशन चौधरी र रौतहटको बसबलपुर नगरपालिका ७ बस्ने २८ वर्षीय महेश पण्डित रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो ।

आइतबार दिउँसो जितपुरसिमरा उपमहानगरपालिका २ पानीट्याङ्की नजिकै सिमरादेखि पथलैयातर्फ जाँदै गरेको बा९०प ६७९४ नंको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा प्र०६-००३ प.१७५३ नंको मोटरसाइकल एकापसमा ठोकिएका थिए ।

बा९०प ६७९४ नंको मोटरसाइकलमा चालक चौधरी र त्यसको पछाडि रौतहट परासवा निवासी ३४ वर्षीय भूपेन्द्र चौधरी सवार थिए । भूपेन्द्र घाइते भएकामा उनको स्थानीय एक अस्पतालमा उपचार भइरहेको छ। पण्डितको एल एस न्यूरो अस्पताल परवानिपुरमा र चौधरीको प्रादेशिक अस्पताल कलैयामा उपचारका क्रममा मृत्य भएको प्रहरीले जनाएको छ ।

# पत्रकार तथा कर्मचारीहरुको सेवा सुविधा नियमित हुन सकेन् : पत्रकार महासंघ

**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौ ।**

सरकारी निकायमा कार्यरत सबै कर्मचारी तथा निजी, औपचारिक अनौपचारिक क्षेत्रका कर्मचारी/श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने निर्णय सञ्चारमाध्यमले पूर्ण कार्यान्वयन नगरेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासचिव रामप्रसाद दाहालद्वारा सोमबार जारि विज्ञप्तिमा नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा सरकारी निकायमा कार्यरत सबै कर्मचारी तथा निजी, औपचारिक अनौपचारिक क्षेत्रका कर्मचारी/श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने घोषणा गरेको सर्वविदितै रहेको उल्लेख गर्दै उक्त निर्णय सरकारी तथा निजी सञ्चारमाध्यमले पूर्ण कार्यान्वयन नगरेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।


उक्त निर्णय २०८२ साल बैशाख १ गते देखि लागु हुनेगरि राजपत्रमा प्रकाशन हुँदा समेत अधिकांश सरकारी, सामुदायिक र निजी सञ्चारमाध्यमले कानुनी व्यवस्था लागु नगर्नु कानुनको ठाडो उल्लंघन हुनुका साथै कानुनी शासनको उपहास भएको महासंघको ठहर रहेको विज्ञप्तिमा उल्लेख छ ।

उक्त कानुनी व्यवस्था पालना गर्न सबै सञ्चार प्रतिष्ठानहरूलाई महासंघले आग्रह गर्दै नेपाल सरकारसँग पनि कानुनी प्रावधान कडाइ साथ पालना गराउन जोडदार माग गरिएको छ ।

सोही विज्ञप्तिमा विगत केही समयदेखि कान्तिपुर मिडिया ग्रुप, रिपब्लिक मिडिया प्रालि, जनता टेलिभिजन, एभिन्युज टेलिभिजन, इमेज टेलिभिजन, हिमाल मिडिया, नेपालन्युज डटकम लगायतका सञ्चार संस्थामा गम्भीर श्रम समस्या भएको उजुरीहरू महासंघमा प्राप्त भएको जनाइएको छ ।

पत्रकार तथा कर्मचारीहरुको सेवा सुविधा नियमित हुन नसकेको, अनावश्यक दु:ख दिने गरिएको, गैरकानुनी सरूवा र निष्काशन गरिएको गुनासोप्रती महासंघ गम्भीर भएको तथा नजिकिँदै गरेको चाडपर्वलाई समेत मध्यनजर गरी सबैखाले श्रम समस्या हल गरि सञ्चार संस्था र श्रमजीवी पत्रकारहरूबिच द्वन्द्व आउन नदिन महासंघ सम्बद्ध पक्षसँग पुन: आग्रह गरिएको छ ।

विज्ञप्तिमा श्रमजीवी पत्रकार तथा कर्मचारीको हित विपरीत रहने सञ्चारमाध्यमका विरुद्ध महासंघ आन्दोलनमा उत्रिन बाध्य हुनेतर्फ सम्बन्धित सबैलाई सचेत गराउँदै महासंघका सम्बद्ध प्रदेश समिति र शाखाहरूलाई आन्दोलनको तयारी गर्न अपिल पनि गरिएको छ ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*